*मिति २०८३/०२/२२ गाउँ कार्यपालिका बैठक निर्णय*

*आ.व २०८२/०८३ बैठक संख्या १२*

## प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।

२. गणतन्त्र दिवस एवं शहीद प्रेम ढकाल स्मृति अस्पताल उद्धघाटन कार्यक्रम समिक्षा सम्बन्धमा।

३. सडक हेरालु सम्बन्धमा।

४. चालु आ.व.२०८२/०८३ को योजना कार्यान्वयन एवं भुक्तानी सम्बन्धमा।

५. आ.व. २०८३/०८४ को योजना छनौट तालिका सम्बन्धमा।

६. भू-उपयोग क्षेत्र कार्यान्वयन समिति गठन र भू-उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा।

७. विषयगत समिति बैठक सम्बन्धमा।

८. मोटरेबल पुल माग तथा विवरण अध्यावधिक गर्ने सम्बन्धमा।

९. "उत्कृष्ट विद्यालय, प्रध्यानध्यापक, शिक्षक तथा विद्यार्थी सम्मान कार्यविधि २०८३" सम्बन्धमा।

१०. निति तथा कार्यक्रम र वजेट विनियोजन सम्बन्धी सुझाव संकलन गर्ने सम्बन्धमा।

११. "सामुदायिक वन व्यवस्थापन कार्यविधि २०८३" सम्बन्धमा।

१२. गाउँसभा सम्बन्धमा।

१३. बजेट तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निर्धारण सम्बन्धमा।

१४. विविध।

## निर्णयहरुः

**निर्णय नं. १)** आ.व २०८२/०८३ मा हाल सम्मको योजनाहरुको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो र उपाध्यक्ष मार्फत हालसम्मको योजनाको निरीक्षण र प्रगतिको बारेमा समेत कार्यपालिकालाई जानकारी गराइयो।

**निर्णय नं २)** गणतन्त्र दिवसको अवसरमा आयोजना गरिएको शहीद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल समुद्घाटन समारोह कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको निष्कर्ष निकालियो। साथै, कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण पक्षलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं ३)** यस गाउँपालिका अन्तर्गतका सडकको सामान्य मर्मत सम्भार, रेखदेख र संरक्षणका लागि तपशिल बमोजिमको जनशक्ति (सडक हेरालु) व्यवस्थापन गर्ने निर्णय गरियो।

**तपशिलः**

वडा न. १ – १ जना

वडा न. २ – २ जना

वडा न. ३ – ४ जना

वडा न. ४ – ४ जना

वडा न. ५ – २ जना

वडा न. ६ – ३ जना

वडा न. ७ – २ जना

वडा न. ८ – ३ जना

**निर्णय नं. ४)** चालु आ.व.२०८१/०८२का स्वीकृत निति तथा योजना कार्यान्वयनमा ढिला हुन गएको र यसले भुक्तानीमा समेत जटिलता हुने भएकाले यथासिग्र योजना कार्यन्वयन एवं भुक्तानीका लागि सबैले आ-आफ्नो ठाउँमा भूमिका निर्वाह गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** यस गाउँपालिकाको भू-उपयोग क्षेत्र कार्यान्वयन समिति वडागत रुपमा गठन गर्ने निर्णय गरियो साथै केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ बाट अधिकार प्राप्त भू- उपयोग ऐन २०७६को दफा ८ को उपदफा २ अनुप प्राप्त निवेदनका आधारमा उपदफा २ (क) बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका तपसिलका कित्ता जग्गाहरुको भू-उपयोग क्षेत्र परिवर्तन गर्ने निर्णय गरियो।

तपसिलः

| **भू-उपयोग क्षेत्र परिवर्तन** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.स** | **जग्गाधनीको नामथर** | **साविक ठेगाना** | | **कित्ता नं.** | **क्षेत्रफल** | **भू-उपयोग क्षेत्र** | | **कैफियत** |
| | | **गा.वि.स.** | **वडा नं.** | | | **भएको** | **हुनु पर्ने** | |
| **बारपाक सुलिकोट गाउँपालिका-१ र २, बारपाक** | | | | | | | | |
| १ | बुद्धि बहादुर कामी | बारपाक | ४ | १००२ | ५-०-२-० | **व्यवसायीक क्षेत्र** | **कृषि क्षेत्र** | |
| १ | राज बहादुर गुरुङ | बारपाक | २ | ४१९ | ३-१३-१-३ | **आवासीय क्षेत्र** | **कृषि क्षेत्र** | |
| २ | भीम कुमारी घले र कान्छी घले | बारपाक | ८ | १९४ | | **व्यवसायीक क्षेत्र** | **कृषि क्षेत्र** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | बुद्धि बहादुर बि.क. | बारपाक | ९ | १६६<br>१६८ | ७-१०-२-३<br>३-५-१-३ | **कृषि क्षेत्र** | **आवासीय क्षेत्र** | |
| **बारपाक सुलिकोट गाउँपालिका-४, सौरपानी** | | | | | | | | |
| १ | राम बहादुर गुरुङ | सौरपानी | ९ | १९८ | ४-४-२-१ | कृषि क्षेत्र | आवासीय क्षेत्र | |
| २ | कामी गुरुङ | सौरपानी | ६ | ५५४ | २-८-२-० | आवासीय क्षेत्र | कृषि क्षेत्र | |
| ३ | रेशम राज सापकोटा | सौरपानी | १<br>१<br>१<br>४<br>४<br>४ | ६३६<br>६३७<br>६३९<br>२६७<br>२६८<br>२६९ | १-०-०-३<br>२-१५-३-०<br>७-८-१-३<br>१-७-३-२<br>४-११-०-१<br>३-१५-०-३ | आवासीय क्षेत्र<br>आवासीय क्षेत्र<br>आवासीय क्षेत्र<br>व्यवसायीक क्षेत्र<br>व्यवसायीक क्षेत्र<br>व्यवसायीक क्षेत्र | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>आवासीय क्षेत्र | |
| ४ | अमरसिं गुरुङ | सौरपानी | ६ | ६० | ५-६-३-१ | आवासीय क्षेत्र | कृषि क्षेत्र | |
| **बारपाक सुलिकोट गाउँपालिका-५, ता.मा.ला.बोट** | | | | | | | | |
| १ | मंगला वराम | ताकुकोट | १ | ३९४<br>३९५<br>३९६<br>३९८ | ०-६-०-०<br>१-९-०-०<br>०-८-२-०<br>१-१४-३-१ | आवासीय क्षेत्र | कृषि क्षेत्र | |
| **बारपाक सुलिकोट गाउँपालिका-६, ताकुकोट** | | | | | | | | |
| १ | राम प्रसाद देवकोटा | ताकुकोट | ५ | ६५९ | ५-२-२-३ | आवासीय क्षेत्र | कृषि क्षेत्र | |
| २ | राम बहादुर क्षेत्री | ताकुकोट | ४ | २४१<br>२४२<br>२४३<br>२४४<br>२५२<br>२५५<br>२५७<br>२५९ | ०-४-२-३<br>०-७-०-१<br>०-३-१-३<br>१-१-१-३<br>०-१२-०-२<br>०-६-२-२<br>०-६-१-१<br>०-७-२-३ | आवासीय क्षेत्र | कृषि क्षेत्र | |
| ३ | मिना कुमारी सुवेदी | ताकुकोट | ४ | २६२<br>५११ | १-०-०-३<br>१-१-१-० | आवासीय क्षेत्र | कृषि क्षेत्र | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | तुलसी समेत सयुक्त | ताकुकोट | ४ | २४९ | ०-११-१-१ | आवासीय क्षेत्र | कृषि क्षेत्र | |

**निर्णय नं. ६) )** स्थानीय तहको विकास उद्देश्यलाई सघाउ पुर्‍याउने गरी, उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै, तपशिल बमोजिमका क्षेत्रलाई प्राथमिकता दिने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निर्धारण गरिने निर्णय गरियो।

**निर्णय नं. ७)** विषयगत समितिको वैठक  २०८३ जेठ ३० गते भित्र गर्ने र मौजुदा कानुन उपर छलफल र अन्य विषयवस्तुमा छलफल गरी सोको प्रतिवेदन विधायन समितिमा पेश गर्न लगाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८)** स्थानीय पूर्वाधार विकास विभाग, पुल्चोक ललितपुरको प.स. २०८२/०८३, च.न. १०९९, मिति २०८३/०२/१८ गतेको पत्रानुसार यस गाउँपालिकामा नयाँ निर्माण गर्नुपर्ने, निर्माणधिन र सम्पन्न तथा सञ्चालनमा रहेका सडक पुल (Motorable Road Bridge) हरुको विवरण माग भई आएकोमा तपशिल बमोजिम विवरण लेखि पठाउने निर्णय गरियो ।

**निर्माण सम्पन्न**

१. उल्टे मोटरेबल पुल ।बा सु ६- सिरान्चोक गापा
२. चनौटे मोटरेबल पुल  बा सु ५ – अजिरकोट
३. ढोडेनी मोटरेबल पुल  बा सु ४- अजिरकोट
४. वालुवा मोटरेबल पुल बा सु ४ – अजिरकोट
५. राङरुङ मोटरेबल पुल  बा सु २
६. जराङ खोला मोटरेबल पुल   बा सु ८- भिमसेन थापा गापा (मध्यपहाडी लोकमार्ग)

**प्रस्तावित/निर्माणाधिन**

१. हुँडीखोलामा ४ वटा कल्भर्ट पुल – बजेट सुनिश्चित ठेक्काको तयारीमा (Doli मार्फत)
२. निसेफ मोटरेबल पुल - बा सु ४ – अजिरकोट ४
३. जराङ खोला मोटरेबल पुल -  जराङ खोला बा सु ८- भिमसेन थापा गापा (मसेल – जराङ- पन्द्रुङ सडक)

**निर्माण गर्नुपर्ने**

१. बाहुनवेशी मोटरेबल पुल - बा सु ७ – आरुघाट ६
२. जलविरे मोटरेबल पुल -  बा सु ५- सिरान्चोक ७
३. तुलविर चौतारा मोटरेबल पुल -  स्तुल खोला बा सु ७ –आरुघाट ६
४. नयाँ वस्ती स्तुलखोला मोटरेवल पुल बा सु ३
५. बाह्रमुले –चित्रे मोटरेवल पुल बा सु ३
६. घट्टेखोला मोटरेवल पुल बा सु २

७. मोदिखोला मोटरेवल पुल बा सु ८
८. खानीखोला मोटरेवल पुल बा सु ६
९. सिन्द्रा खोला मोटरेवल पुल बा सु २

**निर्णय नं. ९)** शिक्षा शाखाबाट प्रस्तावित "***उत्कृष्ट विद्यालय, प्रध्यानध्यापक, शिक्षक तथा विद्यार्थी सम्मान कार्यविधि २०८३***" उपर छलफल गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०)** निति तथा कार्यक्रम र वजेट तर्जुमा सम्बन्धी सुझाव संकलन गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने साथै मिति २०८३ जेठ २३ गते **ZOOM** भर्चुअल बैठक सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११) *"सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३"*** उपर छलफल गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२)** गाउँसभाको १९ औं अधिवेशन २०८३ असार ५ गते सुरु हुने गरि आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३)** आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको समग्र विकास, जनताका आकस्मिक आवश्यकता, स्थानीय स्रोत-साधनको दक्षतापूर्ण परिचालन गर्नका लागि र सुशासन प्रवद्धनका लागि देहाय बमोजिमको सूचक र अङ्कभार सहित **बजेट तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निर्धारण गरी सोही आधारमा योजना छनौट गर्ने निर्णय गरियो ।**

तपसिलः

१. **प्राथमिकता क्षेत्र (१५):** नीति तथा कार्यक्रमको प्राथमिकता क्षेत्रमा परेका योजनालाई प्राथमिकता क्रम अनुसार अङ्क दिइनेछ।
२. **सम्भाव्यता (१०):** प्राविधिक र आर्थिक रूपमा सम्भाव्य देखिएमा १० अङ्क, नभए शून्य।
३. **वातावरण (१०):** BES/IEE/EIA स्वीकृत भएको वा वातावरणीय असर नपर्ने प्रकृतिको आयोजना भए १० अङ्क।
४. **जग्गा प्राप्ति (१५):** जग्गा विवाद नभएको, साइट क्लियरेन्स भएको र कानुनी बाधा नभएको पाइएमा १५ अङ्क।
५. **विषयगत समिति (१०):** सम्बन्धित विषयगत समितिबाट छलफल भई सिफारिस भएको योजनालाई १० अङ्क।
६. **आर्थिक विकास (२०):** उत्पादन, रोजगारी सिर्जना र गरिबी निवारणमा सोझै सघाउ पुऱ्याउने रणनीतिक योजनालाई २० सम्म अङ्क।
७. **समावेशीकरण (१०):** लक्षित वर्ग (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति) को सहभागिता र हित हुने योजनालाई १० सम्म अङ्क।

८. **दिगो विकास लक्ष्य (१०):** ३ वा सोभन्दा बढी लक्ष्य समेट्नेलाई १०, २ वटालाई ७ र १ वटा लक्ष्य समेट्नेलाई ५ अङ्क।

**निर्णय नं. १४) विविध ।**

क) यस बारपाक सुलिकोट गाउँपालिका वडा नं. २ स्थित घट्टेखोलामा ९०५ किलोवाट क्षमताको "घट्टेखोला जलविद्युत आयोजना" निर्माण तथा सञ्चालन गर्न यसअघि श्री बारपाक मिनी हाइड्रोपावर प्रा. लि. लाई अनुमति दिईएकोमा उक्त प्रालिले आयोजनाको चारकिल्ला संशोधन र क्षमता वृद्धि गरी ९९० किलोवाट कायम गर्नका लागि आवश्यक प्राविधिक प्रतिवेदन तथा कागजातहरू सहित यस कार्यालयमा निवेदन पेश गरेकोमा माग भए बमोजिम उक्त जलविद्युत आयोजनाको उत्पादन क्षमता ९९० किलोवाट कायम गर्न तथा आयोजनाको चारकिल्ला क्षेत्रफल परिमार्जन गर्न नियमानुसार स्वीकृति (अनुमति) प्रदान गर्ने निर्णय गरियो।

**परिमार्जित चारकिल्ला क्षेत्रफलः**

पूर्वः ८४° ४४' ०९"

पश्चिमः ८४° ४५' ००"

उत्तरः २८° ११' २५"

दक्षिणः २८° ११' ०९"

ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस बमोजिम वडागत रुपमा तपशिल बमोजिमको बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो।

| वडा | बजेट सीमा (रु. हजारमा) | कैफियत |
|---|---|---|
| वडा नं. १ | ४२७० | |
| वडा नं. २ | ५२८० | |
| वडा नं. ३ | ५१५० | |
| वडा नं. ४ | ६४५० | |
| वडा नं. ५ | ४९०० | |
| वडा नं. ६ | ६०५० | |
| वडा नं. ७ | ५००० | |
| वडा नं. ८ | ५००० | |

ग) बारपाक सुलिकोट गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा ६–८) तयार भई गाउँ कार्यपालिकाको बैठकमा पेश भएको हुँदा उक्त पाठ्यक्रम उपर आवश्यक छलफल गरी राय, सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने निर्णय गरियो ।

घ) आगलागी, वर्षा,महामारी तथा हावाहुरीजन्य विपद्बाट प्रभावित व्यक्तिहरूले प्रहरी मुचुल्का तथा सम्बन्धित वडा कार्यालयको सिफारिससहित यस कार्यालयमा पेश गरेको निवेदनको आधारमा राहत उपलब्ध गराउने निर्णय गरियोः

ङ) बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ मा नवनिर्मित शहीद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल भवनको समुद्धघाटनको अवसरमा आयोजना गरिएको कार्यक्रमको शिलशिलामा राखिएको गाउँपालिकाका शाखागत स्टलको ब्यानर छपाई, अस्पतालको होर्डिङ बोर्ड, स्वाँरा स्वास्थ्य चौकी, सौरपानी स्वास्थ्य चौकी र सौरपानी आयुर्वेद औषधालयको होर्डिङ बोर्ड निर्माणका लागि खर्च भएको रकम गत आ.व. सिर्जित दायित्व भुक्तानी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।